मंगला गाउँपालिका स्तरीय कोभिड-१९ रोकथाम तथा नियन्त्रण समन्वय समितिको चैत १६ गतेको बैठकले तपशिलका निर्णय गरेको छ

१. मंगला शिक्षा क्याम्पस बाबियाचौरको भवनमा क्वारेन्टाइन निर्माण गरि ८ जनालाई राख्ने

२.वडा मार्फत छिमेकी मुलुक र तेस्रो मुलुकबाट आएका थप व्यक्तिहरुको विवरण संकलन गरी पालिका पठाउने

३. क्वारेन्टाइनमा राखिएका व्यकिहरुको परिवारको फलोअप र सामाजिक परामर्श गर्ने

४. वडाका जनप्रतिनिधिहरूको संयोजकत्वमा टोल स्तरीय समिति गठन गरि कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि चेतना मुलक कार्यहरू गर्ने, टोल टोलमा साबुन पानीले हात धुने वारे जानकारी गराउने र सरसफाई कार्यक्रम सञ्चालन गर्ने

५. समन्वय समिति अन्तर्गत समितिका अध्यक्षको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन

६. मंगला गाउँ पालिकाका क्षेत्र भित्रका( सिमलचौरको फापर खेत, तल्लो डडुवा, टोड्के,हिदि खात्रुङखोला, सहस्रधारा, धापुङ चाउरेखोला, सामटुङ अर्जेखोला, पखेर, खोप्टिखोला,टिकावाङ र किमचौर देउराली) सिमानामा आवतजावत नियन्त्रण गर्ने

७. गाउँ वस्तीमा खेती पाती स्याहारसुसारका लागि एक पटकमा एक समुहमा बढीमा सात जनाको समूहले काम गर्ने

८ . लकडाउनको समयमा खाद्यान्न र ईन्धनको सहज आपूर्तिका लागि बजार सर्भेक्षण गरि सामन आपूर्ति गर्न उधोग वाणिज्य इकाइ बाबियाचौरका अध्यक्ष होमनाथ पाण्डेको संयोजकत्वमा गाउँ पालिका भित्रका ३१ जना व्यवसायीहरुको समिति गठन

९. वडा नं २ का वडा अध्यक्ष धनबहादुर खातिर क्षेत्रिको संयोजकत्वमा ७ सदस्यीय बजार अनुगमन समिति गठन

१०. मंगला गाउँ पालिका क्षेत्र भित्र लडाउनक समयमा ज्याला मजदुरी गरि जिबन निर्वाह गर्नेको तथ्याङ्क निधार्ण गर्ने